नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سـفـارة نيـبـال
دولة الكويت

## प्रेस विज्ञप्ति

कुवेतमा कार्यरत नेपालीहरूमा सुरक्षित वित्तीय व्यवस्थापन, विप्रेषण तथा सामाजिक सुरक्षा कोष लगायतका महत्त्वपूर्ण विषयहरूमा सचेतना अभिवृद्धि गर्नका लागि "**वित्तीय सचेतना**"" विषयक एक अन्तरक्रिया कार्यक्रम मितिः २०८२/१०/०३ मा नेपाली राजदूतावास कुवेतको सभाहलमा आयोजना गरियो। उक्त कार्यक्रममा गैर आवसीय नेपाली संघ, नेपाल पत्राकार महासंघ वैदेशिक शाखा कुवेत, नेपालमा विप्रेषणमार्फत रकम पठाउने बैंक, वित्तीय संस्था तथा Money Transfer Agency का प्रतिनिधिहरूको सहभागीता रहेको थियो।

कुवेतका लागि नेपाली राजदूत महामहिम श्री घनश्याम लम्सालज्यूले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कुवेतमा कार्यरत नेपाली श्रमिकहरूलाई वित्तीय सचेतना दिन आवश्यक रहेको र यसका लागि राजदूतावास र नेपालमा विप्रेषणमार्फत रकम पठाउने बैंक, वित्तीय संस्था तथा Money Transfer Agency को भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। कुवेतमा रहेका नेपाली श्रमिकहरूलाई नेपाल सरकारले ल्याएको सामाजिक सुरक्षा कोषमा समेट्न जरूरी रहेको हुँदा यसको अवधारणा र महत्त्व उल्लेख गर्दै यो विषयमा श्रमिकहरूलाई सचेत गराउने सबैको साझा दायित्त्व भएको बताउनुभयो। नेपालको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि "विदेशमा रही अनौपचारिकरूपमा विप्रेषणको काम/कारोबार (हुण्डी) गरेको वा सङ्कलित रकम नेपाल नपठाएको" गोप्य सूचना प्राप्त भएमा दूतावासलाई जानकारी दिन आग्रह गर्दै सूचना र सूचना दिने व्यक्तिको नाम अत्यन्त गोप्य राखिने जानकारी दिनुभयो। गैरकानूनी वित्तीय कारोबार (हुण्डी) सम्बन्धी कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनुहुन समेत अनुरोध गर्नुभयो। उक्त कार्यक्रममा सहभागीहरूले वित्तीय सचेतना, नेपालमा विप्रेषण पठाउने तरिका, यसको प्रवृत्ति र सम्भावनाहरू तथा सामाजिक सुरक्षा कोष (SSF) लाई अझ प्रभावकारी बनाउन र श्रमिकको सहभागिता वृद्धि गर्ने सम्बन्धमा आ-आफ्ना धारणाहरू राख्नुभएको थियो। कार्यक्रममा सहभागीहरूले वित्तीय सचेतनाको विषयमा राजदूतावासबाट सम्बोधन भएकोमा राजदूतावासलाई धन्यवाद व्यक्त गर्नुभयो। कार्यक्रममा कुवेतको वित्तीय क्षेत्रमा कार्यरत करिब २५ जना नेपाली प्रतिनिधिहरू तथा राजदूतावासका सम्पूर्ण कूटनीतिक कर्मचारीहरूको पनि उपस्थिति थियो।

२०८२ माघ ०३ गते (२०२६ जनवरी १७)
नेपाली राजदूतावास, कुवेत